# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन: ०११-१४१२१११२, ०११-१४१२११३, ०११-१४१२११४


प.सं. ०७७/७८ मितिः २०७८/०१/२६

च.नं. १८८५

**विषयः वडा नं. ६ को सिपाघाट क्षेत्र सिल गरिएको अत्यन्त जरुरी सूचना !!!**

उपर्युक्त सम्बन्धमा यस मण्डनदेउपुर नगरपालिकाको वडा नं. ६ को इन्द्रावती गा.पा. तथा मेलम्ची न.पा. सँग समेत सिमाना जोडिएको सिपाघाट बजार क्षेत्रमा मानिसहरुको आवतजावत बढ्न गई विगत केहि दिन देखि कोरोना भाइरस (कोभिड १९) को संक्रमण दिन प्रतिदिन असामान्य रुपमा बढेको हुँदा यस नगरपालिका, नगरकार्यपालिकाको मितिः २०७८/०१/२६ गतेको बैठकको निर्णयानुसार मितिः २०७८/०१/२७ गते राती १२:०० बजेदेखि मितिः २०७८/०२/०३ गतेसम्म अनावश्यक रुपमा मानिसहरु घर कम्पाउण्ड बाहिर निस्कन र अत्यावश्यक बाहेकका सम्पूर्ण किसिमका सवारीसाधनहरु समेतको आवतजावत गर्न रोक लाग्ने गरी सिपाघाट बजार क्षेत्र सिल गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ। यस सूचनालाई वेवास्था गरी सिल गरिएको बजार क्षेत्रमा आवतजावत गरेको तथा घर कम्पाउण्ड बाहिर अनावश्यक रुपमा निस्कएको पाइएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

*"कोरोना भाइरसको संक्रमणबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।"*

०७८।१।२६

(टोक बहादुर वाईबा)
नगर प्रमुख

**टोकबहादुर वाइबा**
**नगर प्रमुख**